नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३९, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

फ्याक्स : ४२११९३५

सिंहदरबार, काठमाडौं

नेपाल

पत्र संख्या: क.प्र.(बोर्ड/संस्थान/छात्रवृत्ति)०८२/८३

च.नं. : १०६३

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

मिति: २०८३।३।३

नेपाल संवत्: ११४६

विषयः सेवाकालिन तालिम सम्बन्धी सूचना।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलको च.नं. ७८२/२०८२/०८३, मिति २०८३।२।२९ को **अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि Advanced Course on Management and Development (ACMD)** र अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि **Professional Course on Management and Development (PCMD)** विषयक प्रशिक्षण कार्यक्रम सम्बन्धी सूचना यसैसाथ संलग्न छ। बेहोरा सोही सूचनाबाट अवगत गर्नुभई यस मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत सेवाकालिन तालिम नलिएका र तोकिएको योग्यता पुगेका इच्छुक राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरुले मन्त्रालयबाट स्वीकृति लिई आवेदन गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

(प्रकाश दुलाल)

शाखा अधिकृत

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
## Nepal Administrative Staff College

*"...devoted to making differences positively."*

प.सं. ३६ – PSTD/CIsT

च.नं. ७८२/०८२/८३

मिति:२०८३/०२/२९

श्री मन्त्रालय र मातहतका निकायहरू सबै,
श्री संवैधानिक आयोगहरू सबै,
श्री प्रदेश सरकार र मातहतका निकायहरू सबै,
श्री सुरक्षा निकायहरू सबै,
श्री सार्वजनिक संस्थान तथा संगठित संस्थाहरू सबै ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी आह्वान सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका अधिकृतहरू**का लागि Professional Course on Management and Development (PCMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। आ.व. २०८३/८४ को वार्षिक कार्यतालिका अनुरूप PCMD प्रशिक्षण कार्यक्रममा अधिकृत तृतीय श्रेणी वा सो सरहको पदमा कार्यरत रही २०८३ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पूरा भएका कर्मचारीहरूबाट सहभागिताका लागि खुल्ला आवेदन आह्वान गरिएको छ। आवेदनका लागि आवश्यक कागजातहरू सहित तल दिइएको Google Form Link मार्फत register गर्नुपर्नेछ।

**आवश्यक कागजातहरू:**

- राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका अधिकृत पदमा नियुक्त भएको नियुक्ति पत्र
- प्रशिक्षणमा सहभागिताको आवेदनका लागि सचिव वा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराइएको पत्र

| कार्यक्रम | कार्यक्रम मिति |
|---|---|
| PCMD 1 | २०८३/०४/०७ देखि ३२ कार्यदिने |
| PCMD 2 | २०८३/०४/०७ देखि ३२ कार्यदिने |
| PCMD 3 | २०८३/०४/११ देखि ३२ कार्यदिने |
| PCMD 4 | २०८३/०४/११ देखि ३२ कार्यदिने |
| सम्पर्क : श्री सौरभ कोइराला, ९८४६४५४४१४<br>श्री सूर्य प्रकाश बराल, ९८६६८०४७६० | https://forms.gle/UYkhxSGSTmQTxedR6<br>(Scan to Register) |

**प्रशिक्षण कार्यक्रममा मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था:**

- राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीको हकमा हालको तह/श्रेणीमा २०८३ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
- हालको तह/श्रेणीमा यस प्रतिष्ठानबाट ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु सहभागिताका लागि योग्य हुने छैनन्।
- प्रशिक्षार्थी छनौटको लागि सेवासमूह अनुसारको कोटा निर्धारण गरिएको छ। प्रशिक्षणका लागि प्रारम्भिक सूची तयार गर्दा तोकिएको समयसीमा भित्र आवेदन पेश गर्नेहरूमध्ये सम्बन्धित सेवा समूहभित्रको वरिष्ठतालाई आधार मानिनेछ।
- प्रति प्रशिक्षण समूहमा २५ जना प्रशिक्षार्थी रहनेछन्। कुनै एक मितिमा संचालन हुने प्रशिक्षणमा मागभन्दा बढी योग्य प्रशिक्षार्थीहरू भएमा क्रमशः लगत्तैको प्रशिक्षणमा व्यवस्थापन गरिनेछ। कुनै प्रशिक्षण समूहमा तोकिएको संख्यामा योग्य प्रशिक्षार्थी नपुगेमा अर्को समूहबाट स्थानान्तरण गरिने छ। यसरी स्थानान्तरण गर्दा पनि अपुग भएमा प्रतिक्षा सूचीबाट वरिष्ठताको आधारमा समावेश गरिने छ।
- तालिकामा उल्लेख भए बमोजिमको कुन प्रशिक्षण समूहमा सहभागी हुने भन्ने आवेदन दिंदा छनौट गरिएको प्रशिक्षण समूह अन्तिम हुनेछैन र सो को निर्णय प्रतिष्ठानले गर्ने छ।
- प्रशिक्षण अवधिको लागि काज स्वीकृत गराउने दायित्व प्रशिक्षार्थीको हुनेछ। प्रशिक्षार्थीको दैनिक तथा भ्रमण भत्ता प्रतिष्ठानले व्यहोर्ने छैन।
- प्रारम्भिक सूचि र अन्तिम सूचि प्रतिष्ठानको website मार्फत प्रकाशन गरी जानकारी गराइनेछ।
- प्रशिक्षण कार्यक्रमसँग सम्वन्धित अन्तिम निर्णय प्रतिष्ठानको हुनेछ।

**प्रशिक्षण कार्यक्रम सम्बन्धि जानकारी:**

- आवेदन फाराम भर्ने अन्तिम मिति : २०८३ असार २० गतेसम्म
- प्रारम्भिक सूचि प्रकाशन मिति : २०८३ असार २५ गते
- अन्तिम सूचि प्रकाशन मिति : २०८३ असार ३१ गते

.....................
विशाल आचार्य
अध्ययन उपनिर्देशक

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
## Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

प.सं. ३६ – PSTD/CIsT
च.नं. ७८२/०८२/८३

मिति:२०८३/०२/२९

श्री मन्त्रालय र मातहतका निकायहरू सबै,
श्री संवैधानिक आयोगहरू सबै,
श्री प्रदेश सरकार र मातहतका निकायहरू सबै,
श्री सुरक्षा निकायहरू सबै,
श्री सार्वजनिक संस्थान तथा संगठित संस्थाहरू सबै ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी आह्वान सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका** लागि Advanced Course on Management and Development (ACMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आ.व. २०८३/८४ को वार्षिक कार्यतालिका अनुरूप ACMD प्रशिक्षण कार्यक्रममा अधिकृत द्वितीय श्रेणी वा सो सरहको पदमा कार्यरत रही २०८३ असार मसान्तसम्म न्यूनतम २ वर्ष सेवा अवधि पूरा भएका स्थायी कर्मचारीहरूबाट सहभागिताका लागि खुल्ला आवेदन आह्वान गरिएको छ । आवेदनका लागि आवश्यक कागजातहरू सहित तल दिइएको Google Form Link मार्फत register गर्नुपर्नेछ ।

**आवश्यक कागजातहरू :**

- राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका अधिकृत पदमा नियुक्त भएको नियुक्ति पत्र
- प्रशिक्षणमा सहभागिताको आवेदनका लागि सचिव वा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराइएको पत्र

| कार्यक्रम | कार्यक्रम मिति |
|---|---|
| ACMD 1 | २०८३/०४/०७ देखि ४० कार्यदिने |
| ACMD 2 | २०८३/०४/१३ देखि ४० कार्यदिने |
| सम्पर्क : श्री विशाल आचार्य, ९८६०९७४८२२ | https://forms.gle/Nn7ppWqeCHQqM2q89 (Scan to Register) |

**प्रशिक्षण कार्यक्रममा मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था :**

- राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीको हकमा हालको तह/श्रेणीमा २०८३ असार मसान्तसम्म न्यूनतम २ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
- हालको तह/श्रेणीमा यस प्रतिष्ठानबाट ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु सहभागिताका लागि योग्य हुने छैनन् ।
- प्रशिक्षार्थी छनौटको लागि सेवासमूह अनुसारको कोटा निर्धारण गरिएको छ । प्रशिक्षणका लागि प्रारम्भिक सूची तयार गर्दा तोकिएको समयसीमा भित्र आवेदन पेश गर्नेहरूमध्ये सम्बन्धित सेवा समूहभित्रको वरिष्ठतालाई आधार मानिनेछ ।
- प्रति प्रशिक्षण समूहमा २५ जना प्रशिक्षार्थी रहनेछन् । कुनै एक मितिमा संचालन हुने प्रशिक्षणमा मागभन्दा बढी योग्य प्रशिक्षार्थीहरू भएमा क्रमशः लगत्तैको प्रशिक्षणमा व्यवस्थापन गरिनेछ । कुनै प्रशिक्षण समूहमा तोकिएको संख्यामा योग्य प्रशिक्षार्थी नपुगेमा अर्को समूहबाट स्थानान्तरण गरिने छ । यसरी स्थानान्तरण गर्दा पनि अपुग भएमा प्रतिक्षा सूचीबाट वरिष्ठताको आधारमा समावेश गरिने छ ।
- तालिकामा उल्लेख भए बमोजिमको कुन प्रशिक्षण समूहमा सहभागी हुने भनेे आवेदन दिंदा छनौट गरिएको प्रशिक्षण समूह अन्तिम हुनेछैन र सो को निर्णय प्रतिष्ठानले गर्ने छ ।
- प्रशिक्षण अवधिको लागि काज स्वीकृत गराउने दायित्व प्रशिक्षार्थीको हुनेछ । प्रशिक्षार्थीको दैनिक तथा भ्रमण भत्ता प्रतिष्ठानले व्यहोर्ने छैन ।
- प्रारम्भिक सूचि र अन्तिम सूचि प्रतिष्ठानको website मार्फत प्रकाशन गरी जानकारी गराइनेछ ।
- प्रशिक्षण कार्यक्रमसँग सम्बन्धित अन्तिम निर्णय प्रतिष्ठानको हुनेछ ।

**प्रशिक्षण कार्यक्रम सम्बन्धि जानकारी :**

- आवेदन फाराम भर्ने अन्तिम मिति : २०८३ असार २० गतेसम्म
- प्रारम्भिक सूचि प्रकाशन मिति : २०८३ असार २५ गते
- अन्तिम सूचि प्रकाशन मिति : २०८३ असार ३१ गते

..............................
विशाल आचार्य
अध्ययन उपनिर्देशक

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np